नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन: ४२११५६१, ४२००८९४,
४२००८९५, ४२०००१४,
५९७०११२,
टोल फ्रि : ११४७

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :-

च.नं. :-

मितिः .....

विषयः राष्ट्रिय परिचयपत्र सम्बन्धी सेवा प्रवाहका सम्बन्धमा सार्वजनिक सूचना।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट सञ्चालित राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (NIDMIS) मा नागरिकहरूको राष्ट्रिय परिचय विवरण दर्ता तथा राष्ट्रिय परिचय नम्बर (NIN) जारी गर्ने कार्य सबै विवरण दर्ता स्टेशनहरूबाट निरन्तर भइरहेको छ।

नागरिकहरूको विवरण NIDMIS मा प्रमाणीकरण गर्न Automatic Biometric Information System (ABIS) आवश्यक हुन्छ। हाल ABIS क्षमताका कारण मिति २०८३ असोज ०१ गतेभन्दा पछाडि दर्ता भई राष्ट्रिय परिचय नम्बर (NIN) उपलब्ध गराईएका नागरिकको हकमा प्रमाणिकरण गर्ने कार्यमा केही ढिलाई हुन पुगेको छ। ABIS को क्षमता विस्तार कार्य अन्तिम चरणमा पुगिसकेको र आगामी २ साताभित्र सम्पन्न भई प्रमाणीकरण सुचारू हुनेछ।

सो सम्बन्धमा NIDMIS सँग अन्तरआबद्ध भएका सेवाप्रदायक निकायहरूलाई जानकारी एवं समन्वय समेत भईसकेको छ। सोहि आधारमा प्रमाणिकरण नभएको अवस्थामा समेत राहदानी सम्बन्धी सेवा, बैंक तथा वित्तिय सेवा, सवारी चालक अनुमतीपत्र लगायतका सेवाहरू सुचारू भईरहेको छ।

पछिल्ला दिनहरूमा केहि सेवाग्राहिहरूबाट सवारी चालक अनुमतीपत्र सम्बन्धि सेवा प्राप्त गर्न असहजता भएको भनी गुनासो आउने गरेको सन्दर्भमा मिति २०८३ असोज १ भन्दा पछाडि दर्ता भई राष्ट्रिय परिचय नम्बर जारी भएका नागरिकको हकमा प्रमाणिकरण सेवा सुचारू नभएको अवस्थामा समेत सार्वजनिक सेवा प्राप्त गर्न सकिने व्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराईन्छ।

०९/३/०१/६/१९

गम्भिर सिंह विष्ट
शाखा अधिकृत